# नेपालको वैदेशिक व्यापार प्रवृत्ति

(संक्षिप्त अध्ययन प्रतिवेदन)

**नेपाल राष्ट्र बैंक**

अनुसन्धान विभाग

२०७६ माघ

# प्राक्कथन

प्रजातन्त्रको पुनर्स्थापनासँगै द्रुततर गतिमा अगाडि बढाइएको आर्थिक उदारीकरणको नीति पश्चात नेपालको वैदेशिक व्यापार उल्लेख्य परिमाणमा बढेको देखिन्छ । आर्थिक वर्ष २०४६/४७ मा वस्तु व्यापारको कुल गार्हस्थ्य उत्पादनसँगको अनुपात २२.७ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०७५/७६ मा ४३.८ प्रतिशत पुगेको छ । तथापि वस्तु व्यापार घाटा भने बढ्दै गएको छ । आर्थिक वर्ष २०४६/४७ मा व्यापार घाटाको कुल गार्हस्थ्य उत्पादनसँगको अनुपात १२.७ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०७५/७६ मा ३८.१ प्रतिशत पुगेको छ । व्यापार घाटाको आकार बढ्दै गएतापनि अन्तरिम र पुँजीगत वस्तुको आयात झण्डै ८० प्रतिशत रहनु सकारात्मक पक्ष हो । व्यापार घाटा बढ्दै गएको परिप्रेक्ष्यमा संरचनागत सुधार, प्रतिस्पर्धात्मक क्षमता विकास एवम् आन्तरिक उत्पादन वृद्धिमा जोड दिई बाह्य क्षेत्र स्थायित्व कायम गर्न प्रयास गर्नुपर्ने आवश्यकता खट्किदो छ ।

यस अध्ययनमा वि.सं. २०३० को दशकदेखि आर्थिक वर्ष २०७६/७७ को ६ महिनासम्मको तथ्याङ्कका आधारमा नेपालको वैदेशिक व्यापारको प्रवृत्तिको विश्लेषण गर्ने प्रयास गरिएको छ । संरचनात्मक परिवर्तन, एकीकृत व्यापार रणनीति २०१६ अनुसारका वस्तुको निर्यात अवस्था, निर्यातमा नगद अनुदानको प्रभावलगायतका विषयमा तथ्याङ्कीय प्रस्तुतिसहित वस्तुगत विश्लेषण गरिएको यो प्रतिवेदन सम्बन्धित सबैका लागि उपयोगी हुने विश्वास गरिएको छ ।

यो प्रतिवेदन तयार पार्न महत्वपूर्ण भूमिका निर्वाह गर्नुहुने यस विभागका निर्देशकहरु दीर्घबहादुर रावल र दिपकराज लामिछाने, उप-निर्देशकहरु नविना ढकाल, खगेश्वर भण्डारी तथा बाबुराम कोइराला, सहायक निर्देशक रामप्रसाद न्यौपाने र सहायक शरिषमान जोशीलगायत शोधनान्तर तथा अन्तर्राष्ट्रिय वित्त महाशाखामा कार्यरत सबै कर्मचारीहरुलाई धन्यवाद दिन चाहन्छु ।

डा. गुणाकर भट्ट
कार्यकारी निर्देशक

# विषय सूची


पृष्ठभूमि........................................................................................................१

विश्व व्यापारको पछिल्लो अवस्था ..................................................................................... २

नेपालको वैदेशिक व्यापारको पछिल्लो प्रवृत्ति ....................................................................... २

निर्यातको अवस्था .............................................................................................................४

निर्यातमा सरकारले उपलब्ध गराउने नगद अनुदानको अवस्था.............................................................५

नेपाल व्यापार एकीकरण रणनीति (NTIS) २०१६ अनुसार प्राथमिकताप्राप्त वस्तुको निर्यात .........................६

आयातको अवस्था ...............................................................................................................६

विद्युत खरिद विक्रीको अवस्था..............................................................................................८

निर्माण सम्बन्धी उपकरण तथा सवारी साधनको आयातको अवस्था ...................................................... ९

निष्कर्ष .......................................................................................................................... ९

सर्न्दभ सामग्री ...............................................................................................................११

अनुसूची

# नेपालको वैदेशिक व्यापारको प्रवृत्ति

## पृष्ठभूमि

१. वि.सं. २०३० को दशकमा नेपालको वस्तु निर्यातको कुल गार्हस्थ्य उत्पादनसँगको अनुपात ५.४ प्रतिशत रहेको थियो । आर्थिक उदारीकरणको नीति अवलम्बन गरे पश्चात वार्षिक निर्यात क्रमिकरुपमा बढ्दै आर्थिक वर्ष २०५६/५७ मा कुल गार्हस्थ्य उत्पादनको १३.१ प्रतिशत र पचासको दशकमा औसतमा ९.९ प्रतिशत रहेको थियो । वि.स. २०६० को दशकदेखि क्रमशः घट्न थालेको यस्तो अनुपात आर्थिक वर्ष २०७५/७६ मा २.८ प्रतिशत कायम भएको छ ।

२. नेपालको वार्षिक आयात आर्थिक वर्ष २०३९/४० मा कुल गार्हस्थ्य उत्पादनको १८.७ प्रतिशत र वि.सं. २०३० को दशकमा औसतमा १३.९ प्रतिशत रहेको थियो । आर्थिक वर्ष २०५३/५४ मा कुल गार्हस्थ्य उत्पादनको ३३.४ प्रतिशत र पचासको दशकमा औसतमा २७.७ प्रतिशत आयात रहेको देखिन्छ । त्यस पछिका वर्षहरुमा आयात उल्लेख्यरुपले वृद्धि हुँदै आर्थिक वर्ष २०७५/७६ मा ४०.९ प्रतिशत पुगेको छ ।

३. वि.सं. २०५० को दशकमा नेपालका प्रमुख निर्यात अलैंची, ऊनी गलैंचा, तयारी पोशाक, छाला, जुट र जुटका सामान, दाल, वनस्पती घ्यू, तामाको तार, धागो, पोलिष्टर यार्न, हस्तकलालगायत थिए । त्यसैगरी, नेपालका प्रमुख आयातमा पेट्रोलियम पदार्थ, सवारी साधन र पार्टपुर्जा, मेशिनरी तथा पार्टपुर्जा, कपडा, औषधी, सिमेन्ट, तयारी पोशाक, जुत्ताचप्पल, सुन, यातायातका उपकरण तथा पार्टपुर्जा, कच्चा ऊनलगायतका वस्तु थिए । वि.सं. २०६० को दशकको वस्तु आयातको प्रवृतिलाई ध्यानमा राख्दा हालसम्म आयातको संरचनामा खासै ठूलो परिवर्तन भएको पाइदैन । निर्याततर्फ वि.सं. २०७० को दशकभन्दा अगाडि अग्रस्थानमा रहेका तेलहन, Salseed Oil, दन्त मञ्जन, वनस्पती घ्यू, बालुवा तथा ढुङ्गाको निर्यात उल्लेख्य रुपमामा घटेको छ ।

४. प्रमुख निर्यातीत वस्तुमध्ये वनस्पती घ्यू, दन्त मञ्जन, जुट र जुटका सामान, पश्मिना, तामाको तार, दाल, धागो, पोलिष्टर यार्न, अलैंची, अदुवा, पिना, आयुर्वेदिक औषधी, छालालगायतका वस्तु भारत निर्यात हुने गरेको देखिन्छ भने तयारी पोशाक, ऊनी गलैंचा, पश्मिना, दाल, प्रशोधित तथा तयारी छाला, चाँदीका गरगहना, हस्तकलाका सामान, नेपाली कागज, चियालगायतका वस्तु अन्य मुलुकतर्फ निर्यात भएको देखिन्छ (अनुसूची १) ।

५. प्रमुख आयातीत वस्तुमध्ये पेट्रोलियम पदार्थ, सवारी साधन र पार्टपुर्जा, कपडा, औषधी, मेशिनरी तथा पार्टपुर्जा, सिमेन्ट, एम.एस. बिलेटलगायतका वस्तु भारतबाट आयात हुने गरेको देखिन्छ भने सुन, कच्चा ऊन, रासायनिक मल, यातायात उपकरण तथा पार्टपुर्जा, कच्चा पाम तेल, धागो, विद्युतीय सामग्री, पोलिथिन ग्रानुयल्सलगायतका वस्तु अन्य मुलुकबाट आयात हुने गरेको देखिन्छ (अनुसूची २) ।

६. वि.स. २०५० को दशकमा प्रमुख निर्यातीत वस्तुमध्ये ऊनी गलैंचा र तयारी पोशाकको अंश कुल निर्यातको ८० प्रतिशत भन्दा बढी रहेको देखिन्छ । आर्थिक वर्ष २०७५/७६ मा यी वस्तुको निर्यात कुल निर्यातको करिब १२ प्रतिशत रहेको छ ।

७. वि.सं. २०२० (सन् १९६०) को दशकमा नेपालको कुल आयातमा भारतको अंश ९८.५ प्रतिशत र कुल निर्यातमा ९७.७ प्रतिशतसम्म पुगेको देखिन्छ[१] । त्यस पछिका वर्षहरुमा भारतको अंश क्रमशः कम हुँदै गई चीन तथा अन्य मुलुकको अंश बढ्दै जान थालेको देखिन्छ । आर्थिक वर्ष २०५३/५४ (सन् १९९७ जुलाई) मा नेपालको कुल वैदेशिक व्यापारमा भारतको अंश २५.९ प्रतिशतसम्म पुगेको थियो । आर्थिक वर्ष २०७५/७६ को वार्षिक तथ्याङ्कलाई आधार मान्दा नेपालको कुल वैदेशिक व्यापारमा भारतको हिस्सा करिब ६५ प्रतिशत, चीनको हिस्सा करिब १४ प्रतिशत र अन्य मुलुकको हिस्सा करिब २१ प्रतिशत रहेको देखिन्छ ।

## विश्व व्यापारको पछिल्लो अवस्था

८. सन् २०२० को जनवरीमा अन्तर्राष्ट्रिय मुद्राकोष (IMF) द्वारा प्रकाशित World Economic Outlook अनुसार सन् २०१८ मा ३.७ प्रतिशतले वृद्धि भएको वस्तु तथा सेवाको विश्व व्यापार सन् २०१९ मा १.० प्रतिशतले वृद्धि हुने अनुमान छ ।

९. अन्तर्राष्ट्रिय बजारमा कच्चा पेट्रोलियम (Brent Crude Oil) को मूल्य २०७५ पुस मसान्तमा प्रति ब्यारल अमेरिकी डलर ५८.८० रहेकोमा २०७६ पुस मसान्तमा ९.६ प्रतिशतले वृद्धि भई प्रति ब्यारल अमेरिकी डलर ६४.४५ कायम भएको छ ।

१०. अन्तर्राष्ट्रिय बजारमा सुनको मूल्य २०७५ पुस मसान्तमा प्रति आउन्स अमेरिकी डलर १२९२.७५ रहेकोमा २०७६ पुस मसान्तमा १९.५ प्रतिशतले वृद्धि भई प्रति आउन्स अमेरिकी डलर १५४५.१० पुगेको छ ।

## नेपालको वैदेशिक व्यापारको पछिल्लो प्रवृत्ति

११. पछिल्लो पाँच वर्षमा वस्तु आयातको औसत वृद्धिदर १५.२ प्रतिशत र निर्यात वृद्धिदर करिब २ प्रतिशत रहेको छ । आर्थिक वर्ष २०७६/७७ को पहिलो ६ महिनामा वस्तु निर्यात २६.१ प्रतिशतले वृद्धि भई रु. ५७ अर्ब २८ करोड पुगेको छ भने आयात ४.० प्रतिशतले घटेर रु. ६९४ अर्ब ६९ करोड कायम भएको छ (तालिका १) ।

---

१ Sixty Years of Nepal Rastra Bank, p 77.

**तालिका १: नेपालको वैदेशिक व्यापारको अवस्था**

| क.स. | बिवरण | २०७१/७२ | २०७२/७३ | २०७३/७४ | २०७४/७५ | २०७५/७६ | २०७५/७६ ६ महिनाको | २०७६/७७ ६ महिनाको |
|---|---|---|---|---|---|---|---|---|
| क | कुल वस्तु निर्यात (रु. अर्ब) | ८५ | ७० | ७३ | ८१ | ९७ | ४५ | ५७ |
| ख | कुल वस्तु आयात (रु. अर्ब) | ७७५ | ७७४ | ९९० | १२४५ | १४१९ | ७२४ | ६९५ |
| ग | वस्तु व्यापार घाटा (रु. अर्ब) | ६८९ | ७०३ | ९१७ | ११६४ | १३२१ | ६७९ | ६३७ |
| घ | कुल व्यापार (रु. अर्ब) | ८६० | ८४४ | १०६३ | १३२६ | १५१६ | ७६९ | ७५२ |
| | **वृद्धिदर (प्रतिशत)** | | | | | | | |
| क | कुल वस्तु निर्यात | -७.३ | -१७.८ | ४.२ | ११.४ | १९.४ | ११.५ | २६.१ |
| ख | कुल वस्तु आयात | ८.४ | -०.१ | २८ | २५.८ | १३.९ | ३०.५ | -४.० |
| ग | वस्तु व्यापार घाटा | १०.८ | २ | ३०.४ | २६.९ | १३.५ | ३२.० | -६.१ |
| घ | कुल व्यापार | ६.७ | -१.९ | २६ | २४.८ | १४.३ | २९.२ | -२.३ |
| | **कुल गार्हस्थ्य उत्पादनसंगको अनुपात (प्रतिशत)** | | | | | | | |
| क | कुल वस्तु निर्यात | ४ | ३.१ | २.७ | २.७ | २.८ | - | - |
| ख | कुल वस्तु आयात | ३६.४ | ३४.३ | ३७ | ४१.१ | ४०.९ | - | - |
| ग | वस्तु व्यापार घाटा | ३२.४ | ३१.२ | ३४.३ | ३८.४ | ३८.१ | - | - |
| घ | कुल व्यापार | ४०.४ | ३७.४ | ३९.८ | ४३.८ | ४३.८ | - | - |

श्रोतः नेपाल राष्ट्र बैंक

१२. विगत पाँच वर्षको वार्षिक तथ्याङ्कको आधारमा नेपालले आयात गर्ने वस्तुमध्ये औसतमा उपभोग्य वस्तुको हिस्सा १८.६ प्रतिशत, अन्तरिम वस्तुको हिस्सा ६४.८ प्रतिशत र पुँजीगत वस्तुको हिस्सा १५.१ प्रतिशत रहेको छ । आर्थिक वर्ष २०७६/७७ को पहिलो ६ महिनाको कुल आयातमा उपभोग्य वस्तुको हिस्सा २०.१ प्रतिशत, अन्तरिम वस्तुको हिस्सा ६२.९ प्रतिशत र पुँजीगत वस्तुको हिस्सा १५.४ प्रतिशत रहेको छ (तालिका २) ।

**तालिका २ : उपयोगको प्रकृतिको आधारमा कुल आयातको संरचना (प्रतिशत)**

| शीर्षक | २०७१/७२ | २०७२/७३ | २०७३/७४ | २०७४/७५ | २०७५/७६ | २०७६/७७* |
|---|---|---|---|---|---|---|
| उपभोग्य वस्तु | १७.७ | २०.५ | १७.९ | १८ | १८.७ | २०.१ |
| अन्तरिम वस्तु | ६७.१ | ६३.१ | ६४.१ | ६४.४ | ६५.५ | ६२.९ |
| पुँजीगत वस्तु | १४ | १४.७ | १६.३ | १६.१ | १४.६ | १५.४ |
| अन्य | १.२ | १.७ | १.७ | १.५ | १.२ | १.६ |

UN Trade Statsitics' Classification by Broad Economic Categories ( Revision. 4) मा आधारित

*६ महिनाको तथ्याङ्कमा आधारित

श्रोत: नेपाल राष्ट्र बैंक

## निर्यातको अवस्था

१३. पछिल्लो पाँच वर्षमा निर्यातको औसत वृद्धिदर करिब २ प्रतिशतमात्र रहेकोमा आर्थिक वर्ष २०७६/७७ को पहिलो ६ महिनामा यस्तो वृद्धिदर २६.१ प्रतिशत भई रु. ५७ अर्ब २८ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो निर्यात ११.५ प्रतिशतले वृद्धि भएको थियो । गत आर्थिक वर्षदेखि पाम तेलको निर्यात उच्च भएकोले कुल निर्यात बढ्न गएको देखिन्छ ।

१४. गन्तव्यका आधारमा पछिल्लो पाँच वर्षमा भारततर्फ ३.३ प्रतिशत रहेको निर्यातको वृद्धिदर आर्थिक वर्ष २०७६/७७ को पहिलो ६ महिनामा अघिल्लो वर्षको सोही अवधिको तुलनामा ४५.८ प्रतिशतले वृद्धि भई रु. ४० अर्ब १४ करोड पुगेको छ । त्यसैगरी, चीनतर्फ १.६ प्रतिशत र अन्य मुलुकतर्फ १.९ प्रतिशत रहेको निर्यात वृद्धिदर चालु आर्थिक वर्षको पहिलो ६ महिनामा क्रमश ८.५ प्रतिशत र ३.८ प्रतिशतले कमी आई रु. १ अर्ब २ करोड तथा रु. १६ अर्ब १२ करोड कायम भएको छ ।

१५. पछिल्लो पाँच वर्षको वस्तुगत निर्यातको प्रवृत्ति हेर्दा कुल निर्यातमा अलैंची, जुस, जुटका सामान, धागो (पोलिष्टर तथा अन्य), लत्ताकपडा, जस्तापाता, तार, रोजिन, पिना, जुत्ताचप्पल, आयुर्वेदिक औषधीलगायत प्रमुख छन् ।

१६. चालु आर्थिक वर्षको पहिलो ६ महिनामा निर्यात वृद्धि भएका प्रमुख वस्तुहरुमा अलैंची, जुट र जुटका सामान, आयुर्वेदिक औषधी, दाल, धागो (पोलिष्टर तथा अन्य) लगायतका वस्तुहरु नेपालबाट विगतदेखि नै नियमितरुपमा निर्यात हुने वस्तुहरु हुन् भने पाम तेलको निर्यात भने गत आर्थिक वर्षदेखि मात्र शुरु भएको हो ।

१७. चालु आर्थिक वर्षको पहिलो ६ महिनामा पाम तेलको निर्यात रु. १३ अर्ब ९० करोड रहेको छ । सो अवधिमा भएको कुल निर्यातमा पाम तेलको अंश २४.३ प्रतिशत रहेको छ । यस अवधिको कुल निर्यातको वृद्धिमा पाम तेलको निर्यातकै प्रमुख भूमिका रहेको छ । भारत सरकारले कच्चा पाम तेल आयातमा उच्च भन्सार महसुल (५४ प्रतिशत) लगाएको र नेपालमा यस्तो महसुल १० प्रतिशत मात्र भएकोले पाम तेलको निर्यात वृद्धि हुँदै गएको छ । यस आर्थिक वर्षको पहिलो ६ महिनामा कुल वस्तु निर्यात २६.१ प्रतिशतले वृद्धि भएतापनि पाम तेल बाहेकका वस्तुको निर्यात करिब ०.७ प्रतिशतले मात्र वृद्धि भएको देखिन्छ (तालिका ३) ।

### तालिका ३: निर्यात वृद्धि भएका प्रमुख वस्तु

*(रु. करोडमा)*

| क.सं. | वस्तु | ०७१/७२ | ०७२/७३ | ०७३/७४ | ०७४/७५ | ०७५/७६ | ६ महिना | | वृद्धिदर (६ महिना) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | ०७५/७६ | ०७६/७७ | ०७६/७७ |
| १ | पाम तेल | ० | ० | ० | ० | १०३३ | २३५ | १३९० | ४९२.१ |
| २ | अलैंची | ३८४ | ४६३ | ३९१ | ४८५ | ४२८ | १५३ | २५१ | ६३.६ |
| ३ | वाद्यवादनका सामग्री | ११ | १५ | १९ | २६ | ३४ | १६ | २२ | ३७.६ |
| ४ | कुकुर र विरालोको आहारा,(छुर्पी) | २८ | ४३ | ५५ | ८६ | १०५ | ४३ | ५८ | ३६.१ |
| ५ | आर्युवेदिक औषधी | ९१ | ७३ | ६८ | ७४ | ७३ | ४९ | ६३ | २८.५ |
| ६ | चाँदीका गरगहना | ११ | २२ | २६ | ३५ | ५१ | २३ | २७ | १६.५ |
| ७ | जुटका सामान | ४२७ | ४२५ | ४४६ | ४६४ | ५८१ | २५४ | २७२ | ७.१ |
| ८ | चाउचाउ | ६७ | ४७ | ६८ | ६२ | ९४ | ४१ | ४३ | ५.६ |
| ९ | धागो (पोलिष्टर तथा अन्य) | ५२० | ३३० | २८५ | ४३० | ६९१ | ३१५ | ३१९ | १.३ |
| १० | हस्तकलाका सामान | ३७ | ६० | ६६ | ५९ | ६९ | ३४ | ३४ | ०.७ |
| **प्रमुख वस्तुको कुल निर्यात** | | **१५७७** | **१४७८** | **१४२३** | **१७२१** | **३१६१** | **११६३** | **२४७९** | **११३.२** |
| **अन्यको कुल निर्यात** | | **६९५५** | **५५३४** | **५८८२** | **६४१५** | **६५५०** | **३३७९** | **३२४९** | **-३.८** |
| **जम्मा** | | **८५३२** | **७०१२** | **७३०५** | **८१३६** | **९७११** | **४५४१** | **५७२८** | **२६.१** |

स्रोतः नेपाल राष्ट्र बैंक र भन्सार विभाग

## निर्यातमा सरकारले उपलब्ध गराउने नगद अनुदानको अवस्था

१८. नेपाल सरकारले आर्थिक वर्ष २०६७/६८ को बजेट वक्तव्यमार्फत निर्यात गर्ने उद्योगलाई निर्यातबाट प्राप्त विदेशी मुद्रा बैंक दाखिला भएको प्रमाणको आधारमा नगद अनुदान प्रदान गर्ने व्यवस्था गरेको थियो । उक्त व्यवस्था कार्यान्वयनका लागि ***निर्यातमा नगद अनुदान सम्बन्धी कार्यविधि, २०६८*** जारी गरिएको थियो । उक्त कार्यविधिलाई समयानुकूल परिमार्जन गरी ***निर्यातमा अनुदान प्रदान गर्ने सम्बन्धी कार्यविधि (पहिलो संशोधन), २०७५*** कार्यान्वयनमा रहेको छ ।

१९. नेपाल सरकारले उक्त कार्यविधि अनुसार मूल्य अभिवृद्धिका आधारमा नगद अनुदान उपलब्ध गराउँदै आएको छ । अनुसूची १ अनुसारका वस्तुको मुल्य अभिवृद्धि ५० प्रतिशत वा सो भन्दा बढी भएमा कुल मुल्य अभिवृद्धिको पाँच प्रतिशत र ५० प्रतिशत भन्दा कम भएमा तीन प्रतिशत अनुदान दिने व्यवस्था रहेको छ ।

२०. त्यसैगरी, अनुसूची २ अनुसारका वस्तुको मुल्य अभिवृद्धि ३० प्रतिशत वा सो भन्दा बढी भएमा कुल मूल्य अभिवृद्धिको तीन प्रतिशत नगद अनुदान प्रदान गर्ने व्यवस्था रहेको छ ।

२१. विगत पाँच वर्षमा पाँच प्रतिशत अनुदान प्राप्त गर्ने अनुसूची १ का वस्तुहरुमध्ये प्रशोधित जडीबुटी, प्रशोधित चिया र प्रशोधित अलैंचीको निर्यातमा अनुदानको सकारात्मक प्रभाव रहेको देखिन्छ । विगत पाँच वर्षमा कुल निर्यातमा नगद अनुदान प्राप्त गर्ने अनुसूची १ का वस्तुहरुको हिस्सा औसतमा करिब १२ प्रतिशत रहेको छ ।

२२. नगद अनुदान सम्बन्धी व्यवस्थाले निर्यातमा तीन प्रतिशत अनुदान प्राप्त गर्ने अनुसूची २ का वस्तुहरुको कुल निर्यातमा करिब ३७ प्रतिशत हिस्सा रहेको देखिन्छ ।

२३. निर्यातमा नगद अनुदान सम्बन्धी व्यवस्था कार्यान्वयनमा आएपछि हालसम्म (आ.व. २०६८/६९ देखि २०७६ माघ १५ सम्म) रु. २ अर्ब ५४ करोड बराबरको निर्यात अनुदान प्रदान भएको देखिन्छ । विगत पाँच वर्षमा कुल निर्यातमा अनुदान प्राप्त गर्ने अनुसूची १ र २ का वस्तुहरुको योगदान करिब ५० प्रतिशत रहेको देखिन्छ । निर्यातमा नगद अनुदान प्राप्त गर्दै आएका वस्तुहरुको निर्यातको अवस्था अनुसूची ३ र ४ मा प्रस्तुत गरिएको छ ।

## नेपाल व्यापार एकीकरण रणनीति (NTIS) २०१६ अनुसार प्राथमिकताप्राप्त वस्तुको निर्यात

२४. नेपाल व्यापार एकीकरण रणनीति (NTIS) २०१६ मा उल्लिखित वस्तुको विगत पाँच वर्षको निर्यात प्रवृत्ति हेर्दा कुल निर्यातमा यी वस्तुको हिस्सा औसतमा ४२ प्रतिशत रहेको देखिन्छ (अनुसूची ५) ।

## आयातको अवस्था

२५. पछिल्लो पाँच वर्षमा औसत १५.२ प्रतिशत रहेको आयातको वृद्धिदर आर्थिक वर्ष २०७६/७७ को पहिलो ६ महिनामा ४.० प्रतिशतले घटेर रु. ६९४ अर्ब ६९ करोड कायम भएको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो आयात ३०.५ प्रतिशतले बढेको थियो ।

२६. गन्तव्यका आधारमा पछिल्लो पाँच वर्षमा भारतबाट हुने आयातको वृद्धिदर १४.८ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०७६/७७ को पहिलो ६ महिनामा यस्तो वृद्धिदर ९.१ प्रतिशतले ऋणात्मक भई रु. ४२३ अर्ब ८४ करोड कायम भएको छ । त्यसैगरी, चीनबाट हुने आयातको वृद्धिदर १९.९ प्रतिशत र अन्य मुलुकबाट हुने आयातको वृद्धिदर १३.० प्रतिशत रहेकोमा चालु आ.व. को पहिलो ६ महिनामा चीनबाट हुने आयात १२.१ प्रतिशतले वृद्धि भई रु. ११८ अर्ब २५ करोड पुगेको छ भने अन्य मुलुकबाट हुने आयात ०.४ प्रतिशतले वृद्धि भई रु. १५२ अर्ब ६१ करोड कायम भएको छ ।

२७. विगत पाँच वर्षको वस्तुगत आयातको प्रवृत्ति हेर्दा पेट्रोलियम पदार्थ, यातायातका साधन तथा उपकरण, एम.एस. बिलेट, अन्य मेसिनरी तथा पाटपुर्जा, सिमेन्ट, औषधी, दुरसंचारका उपकरण तथा पाटपुर्जा, सुनलगायतका वस्तुको आयात उल्लेख्य रहेकोमा चालु आर्थिक वर्षको पहिलो ६ महिनामा कच्चा पाम तेल, हटरोल सिट, रासायनिक मल, मेसिनरी तथा पार्टपुर्जा, विद्युतीय उपकरणलगायतका वस्तुको आयात बढेको छ

भने एम.एस. बिलेट, पेट्रोलियम पदार्थ, सुन, यातायातका साधन तथा पार्टपुर्जा, सिमेन्टलगायतका वस्तुको आयात घटेको छ ।

२८. विगत पाँचवर्षदेखि निरन्तररुपमा बढ्दै गएको आयातको वृद्धिदर आर्थिक वर्ष २०७६/७७ को पहिलो ६ महिनामा ४.० प्रतिशतले घटेर रु. ६९४ अर्ब ६९ करोड कायम भएको छ (तालिका ४) ।

**तालिका ४: आयात वृद्धि कम भएका प्रमुख वस्तु**

*(रु.अर्बमा)*

| क. सं. | विवरण | २०७१/७२ वार्षिक | २०७२/७३ वार्षिक | २०७३/७४ वार्षिक | २०७४/७५ वार्षिक | २०७५/७६ वार्षिक | २०७५/७६ ६ महिना | २०७६/७७ ६ महिना | वृद्धिदर (६ महिना) २०७६/७७ |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | जीवित जनावर | २ | ३ | २ | ३ | ३ | २ | ० | -१०० |
| २ | सिमेन्ट | १० | १२ | २४ | ३१ | १३ | १० | २ | -८० |
| ३ | सुन | ६ | १६ | २७ | ३२ | ३५ | १७ | ८ | -५२.९ |
| ४ | एम.एस विलेट, रड, तार, कोईल र बार | ३५ | ३० | ५६ | ७२ | ८४ | ४७ | २८ | -४०.४ |
| ५ | कोल्डरोल्ड सिट | ७ | ७ | ५ | १० | १० | ५ | ३ | -४० |
| ६ | कोईला | ६ | ९ | १५ | २१ | ३० | १२ | ९ | -२५ |
| ७ | हवाई जहाज र पार्टपूर्जा | १७ | ८ | १७ | २२ | २३ | १८ | १५ | -१६.७ |
| ८ | सवारी साधन तथा पार्टपूर्जा | ५५ | ७५ | ९५ | १२९ | १२० | ६६ | ५८ | -१२.१ |
| ९ | धान चामल | १५६ | २२ | २४ | २९ | ३२ | १७ | १५ | -११.८ |
| १ | पेट्रोलियम पदार्थ | ११२ | ६९ | १२१ | १७२ | २१६ | १०५ | ९४ | -१०.५ |
| **प्रमुख वस्तुको कुल** | | **४०६** | **२५१** | **३८६** | **५२१** | **५६६** | **२९९** | **२३२** | -२२.४ |
| **अन्य कुल** | | **३६९** | **५२३** | **६०४** | **७२४** | **८५३** | **४२५** | **४६३** | ८.९ |
| **जम्मा** | | **७७५** | **७७४** | **९९०** | **१२४५** | **१४१९** | **७२४** | **६९५** | -४ |

स्रोत: नेपाल राष्ट्र बैंक र भन्सार विभाग

२९. नेपालको कुल आयातमा पेट्रोलियम पदार्थको हिस्सा सबैभन्दा बढी रहेको छ । विगत पाँच वर्षको कुल आयातमा पेट्रोलियम पदार्थको हिस्सा औसतमा ११.४ प्रतिशत रहेको छ । अन्तर्राष्ट्रिय बजारमा कच्चा तेलको मूल्यमा (६ महिनाको औसत) गिरावट आउनुका साथै देशमा विद्युत आपूर्ति सहज हुँदै गएकोले पेट्रोलियम पदार्थको आयात कम हुँदै गएको छ (तालिका ५) ।

**तालिका ५: पेट्रोलियम पदार्थको आयात (६ महिना)**

रकम रु. करोडमा

| क्र.सं. | शीर्षक | २०७५/७६ | | २०७६/७७ | | प्रतिशत परिवर्तन | |
|---|---|---|---|---|---|---|---|
| | | परिमाण | रकम | परिमाण | रकम | परिमाण | रकम |
| १ | डिजेल (हजार कि.लि) | ७५२.४ | ५५१३.९ | ७५३.० | ४९१४.८ | ०.१ | -१०.९ |
| २ | पेट्रोल (हजार कि.लि) | २७३.५ | १८१९.१ | ३०५.१ | १८२७.२ | ११.६ | ०.४ |
| ३ | मट्टितेल (हजार कि.लि) | ११.९ | ८८.० | १२.३ | ७९.२ | ३.३ | -१०.० |
| ४ | खाना पकाउने ग्यास (हजार के.जी) | २०५७१९.२ | १८५१.१ | २३२८६७.२ | १४८७.५ | १३.२ | -१९.६ |
| ५ | हवाई इन्धन (हजार कि.लि) | ९८.३ | ७१८.५ | ९९.८ | ६३५.० | १.५ | -११.६ |

स्रोतः नेपाल राष्ट्र बैंक र भन्सार विभाग

३०. आर्थिक वर्ष २०७५/७६ को ६ महिनामा रु. १७ अर्ब ४२ करोडको सुन आयात भएकोमा चालु आर्थिक वर्षको सोही अवधिमा रु. ८ अर्बको सुन आयात भएकोले कुल आयात घटेको छ।

३१. आर्थिक वर्ष २०७५/७६ को ६ महिनामा रु. १८ अर्ब ४४ करोडको हवाइजहाज तथा पार्टपूर्जा आयात भएकोमा चालु आर्थिक वर्षको सोही अवधिमा यस्तो आयात रु. १४ अर्ब ८० करोड भएकोले कुल आयात घटेको हो।

३२. निर्माण सामग्रीको माग कम भएको र गत वर्ष आयात गरिएकै मौज्दात पर्याप्त रहेकोले एम.एस विलेटलगायतका फलामजन्य औद्योगिक कच्चा पदार्थको आयात घटेको देखिन्छ। आर्थिक वर्ष २०७५/७६ को पहिलो ६ महिनामा रु. ३८ अर्ब ६५ करोडको एम.एस. विलेट आयात भएकोमा चालु आर्थिक वर्षको सोही अवधिमा यस्तो आयात रु. २२ अर्ब २६ करोड मात्र रहेको छ।

३३. आर्थिक वर्ष २०७५/७६ को ६ महिनामा रु. ९ अर्ब ५३ करोडको सिमेन्ट आयात भएकोमा आन्तरिक उत्पादन वृद्धि भएकोले चालु आर्थिक वर्षको सोही अवधिमा रु. २ अर्ब २२ करोडको आयात भएकोले आयात व्यवस्थापनमा सहयोग पुगेको देखिन्छ।

## विद्युत खरिद बिक्रीको अवस्था

३४. आर्थिक वर्ष २०७६/७७ को पहिलो ६ महिनामा विद्युतको खरिद ३२.९ प्रतिशतले घटेर रु. ६ अर्ब ६१ करोड र निर्यात रु. ६८ करोड पुगेको छ। यसले नेपालभित्रै विद्युत उत्पादनको क्षमतामा वृद्धि भइरहेको देखाउँछ। आगामी वर्षहरुमा ठूला परियोजनाहरु सञ्चालनमा आउने हुनाले विद्युत व्यापार नेपालको पक्षमा हुने देखिन्छ (तालिका ६)।

**तालिका ६: विद्युत खरिद विक्रीको विवरण**

*(रु. करोडमा)*

| क्र.सं. | | | | | | | ६ महिना | | वृद्धिदर (६ महिना) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | ०७१/७२ | ०७२/७३ | ०७३/७४ | ०७४/७५ | ०७५/७६ | ०७५/७६ | ०७६/७७ | ०७६/७७ |
| १ | खरिद | ९६६ | १३१२ | १६५८ | १४६७ | २१३१ | ९८६ | ६६१ | -३२.९४ |
| २ | विक्री | - | - | - | - | ३७ | - | ६८ | |

स्रोतः नेपाल विद्युत प्राधिकरण

## निर्माण सम्बन्धी उपकरण तथा सवारी साधनको आयातको अवस्था

३५. चालु आर्थिक वर्षको पहिलो ६ महिनामा निर्माण सम्बन्धी उपकरण तथा सवारी साधनको आयात रु. २१ अर्ब रहेको छ। निर्माण सम्बन्धी उपकरण तथा सवारी साधनको आयात आर्थिक वर्ष २०७४/७५ मा अधिकतम ६१ अर्ब ४४ करोड पुगेको थियो भने आर्थिक वर्ष २०७५/७६ मा २२.६ प्रतिशतले घटेर रु. ४७ अर्ब ५६ करोड कायम भएको छ (तालिका ७)।

**तालिका ७: निर्माण सम्बन्धी उपकरण तथा सवारी साधनको आयात**

**(रु.अर्बमा)**

| आर्थिक वर्ष | निर्माण सम्बन्धी ठूला मेशिन | निर्माण सम्बन्धी सवारी साधन | कुल |
|---|---|---|---|
| **२०६९/७०** | ३.५ | ९.२ | १२.७ |
| **२०७०/७१** | ४.६ | १२.६ | १७.१ |
| **२०७१/७२** | ७.३ | १३.५ | २०.८ |
| **२०७२/७३** | १२.१ | १७.८ | २९.९ |
| **२०७३/७४** | २२.२ | २२.५ | ४४.७ |
| **२०७४/७५** | ३५ | २६.५ | ६१.५ |
| **२०७५/७६** | ३५ | २७ | ४७.६ |
| **२०७६/७७*** | ८.२ | १२.८ | २१ |

*६ महिनाको तथ्याङ्कमा आधारित

स्रोतः नेपाल राष्ट्र बैंक

## निष्कर्ष

३६. नेपालको व्यापार घाटा हरेक वर्ष बढ्दै गएको छ। बढ्दो व्यापार घाटामा कमी ल्याउन संरचनात्मक सुधारको आवश्यकता छ।

३७. वैदेशिक व्यापारको आकारमा भएको वृद्धि अनुसार निर्यातको हिस्सा बढ्न सकेको छैन । आर्थिक वर्ष २०७५/७६ मा निर्यातको कुल गार्हस्थ्य उत्पादनसंगको अनुपात २.८ प्रतिशत र कुल व्यापारमा निर्यातको अंश ६.४ प्रतिशत रहेको छ। निर्यातको कुल गार्हस्थ्य उत्पादनसँगको अनुपात घट्दै गएको छ।

३८. विगत लामो समयदेखि आयातको संरचनामा खासै ठूलो परिवर्तन भएको छैन । निर्याततर्फ भने २०४० को दशकमा अग्रस्थानमा रहेका वस्तुहरुको हिस्सा पछिल्ला वर्षमा उल्लेख्य रुपमा घटेको छ ।

३९. नेपालको वैदेशिक व्यापार देशगत र वस्तुगतरुपमा विविधिकरण गर्दै जानु पर्ने देखिन्छ ।

४०. नगद अनुदान सम्बन्धी व्यवस्था कार्यान्वयनमा आएपछि अनुदान प्राप्त गर्ने वस्तुहरु जस्तै जडीबुटी, अलैंची, चिया, ऊनी गलैंचा, पश्मिना, जुट र जुटका सामान, तयारी पोशाक आदिले निर्यातमा सकारात्मक योगदान पुऱ्याएको देखिन्छ ।

# सन्दर्भ सामग्री

Department of Customs. Annual Trade Statistics 2075/76.

नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय (२०७५), निर्यातमा नगद अनुदान प्रदान गर्ने सम्बन्धी कार्यविधि, २०७५

Government of Nepal. (2016). Nepal Trade Integration Strategy 2016.

Nepal Rastra Bank. (2019). Current Macroeconomic and Financial Situtation of Nepal.

Nepal Rastra Bank. (2019). Quarterly Economic Bulletin.

Nepal Rastra Bank. (2018). Sixty Years of Nepal Rastra Bank.

# अनुसूचीहरु

## अनुसूची १

### प्रमुख निर्यातीत वस्तु

| २०४० को दशक | | २०५० को दशक | | २०६० को दशक | | २०७० को दशक | |
|---|---|---|---|---|---|---|---|
| **भारततर्फ** | **अन्य मुलुकतर्फ** | **भारततर्फ** | **अन्य मुलुकतर्फ** | **भारततर्फ** | **अन्य मुलुकतर्फ** | **भारततर्फ** | **अन्य मुलुकतर्फ** |
| जुट र जुटका सामान | उनी गलचा | वनस्पती ध्यू | तयारी पोशाक | कपडा | उनी गलैचा | जुट र जुटका सामान | उनी गलैचा |
| जीवित जनावर | तयारी पोशाक | दन्त मञ्जन | उनी गलैचा | जिंक सिट | तयारी पोशाक | जुस | तयारी पोशाक |
| ढुटोको तेल | दाल | जुट र जुटका सामान | पश्मिना | जुट र जुटका सामान | दाल | पोलिष्टर यार्न | पश्मिना |
| तोरी तथा सर्स्यु | छाला | पश्मिना | दाल | पोलिष्टर यार्न | पश्मिना | अलैची | दाल |
| पिना | हस्तकलाका सामान | तामाको तार (रड) | प्रशोधित छाला | धागो | हस्तकलाका सामान ( धातु र काठबाट बनेका) | कपडा | प्रशोधित छाला |
| अदुवा | उनीका सामान | दाल | चाँदीका गरगहना | जुस | प्रशोधित छाला | जिंक सिट | हस्तकलाका सामान (धातु र काठबाट बनेका) |
| दाल | अलैची | धागो | हस्तकलाका सामान (धातु र काठबाट बनेका) | वनस्पती ध्यू | नेपाली कागज | पाम तेल | चिया |
| कत्था | नेपाली कागज | पोलिष्टर यार्न | सुर्वुजे (Niger Seed) | अलैची | चाँदीका गरगहना | अन्य तार | नेपाली कागज |
| ध्यू | आयुर्वेदिक औषधि | सावुन | नेपाली कागज | अन्य तार | जडिबुटी | खोटो | चाँदीका गरगहना |
| सुठो | | प्लाष्टिकका भाँडाकुँडा | चिया | दन्त मन्जन | | जी. आइ पाइप | जडिबुटी |
| Salseed Oil | | अलैची | | प्लाष्टिकका भाँडाकुँडा | | पिना | अन्य हस्तकलाका सामान |
| जडिबुटी | | एम.एस पाईप | | कथ्था | | तामाको तार (रड) | चाउचाउ |
| | | पिना | | तयारी पोशाक | | दन्त मञ्जन | |
| | | अदुवा | | जुत्ता चप्पल | | आयुर्वेदिक औषधी | |
| | | छाला | | एम.एस. पाईप | | चाउचाउ | |
| | | कपडा | | आलमुनियमका उत्पादनहरु | | जडिबुटी | |
| | | पशुदाना | | तामाको तार (रड) | | अदुवा | |
| | | खोटो | | रासायनिक पदार्थ | | पशुदाना | |
| | | चाउचाउ | | बालुवा र ढुंगा | | धागो | |

श्रोत: आर्थिक बुलेटिन, नेपाल राष्ट्र बैंकको तथ्यांकको आधारमा गणना गरिएको ।

नोट: दशकको कुल निर्यातमा सम्बन्धित वस्तुको हिस्साका आधारमा घट्दो क्रममा मिलाएर राखिएको

## अनुसूची २

## प्रमुख आयातित वस्तु

| २०५० को दशक | | २०६० को दशक | | २०७० को दशक | | |
|---|---|---|---|---|---|---|
| **भारतबाट** | **अन्य मुलुकबाट** | **भारतबाट** | **अन्य मुलुकबाट** | **भारतबाट** | **चीनबाट** | **अन्य मुलुकबाट** |
| पेट्रोलियम पदार्थ | सुन | पेट्रोलियम पदार्थ | सुन | पेट्रोलियम पदार्थ | सञ्चार उपकरण तथा पार्टपुर्जा | सुन |
| सवारी साधन र पार्टपुर्जा | पेट्रोलियम पदार्थ | सवारी साधन र पार्टपुर्जा | मेशिनरी तथा पार्टपुर्जा | सवारी साधन र पार्टपुर्जा | मेशिनरी तथा पार्टपुर्जा | हवाइजहाज तथा पार्टपुर्जा |
| कपडा | मेशिनरी तथा पार्टपुर्जा | एम.एस विलेट | कच्चा पाम तेल | एम.एस विलेट | विद्युतीय सामाग्री | कच्चा सोयाविन तेल |
| औषधी | कच्चा ऊन | औषधी | सञ्चार उपकरण तथा पार्टपुर्जा | मेशिनरी तथा पार्टपुर्जा | रासायनिक मल | चाँदी |
| मेशिनरी तथा पार्टपुर्जा | यातायातका उपकरण तथा पार्टपुर्जा | मेशिनरी तथा पार्टपुर्जा | कच्चा भटमासको तेल | धान चामल | तयारी पोशाक | पोलिथिन ग्रयानुयलुस् |
| सिमेन्ट | रासायनिक मल | कोल्ड रोल्ड सिट | विद्युतीय सामाग्री | औषधी | भिडियो, टेलिभिजन तथा पार्टपुर्जा | मेशिनरी तथा पार्टपुर्जा |
| रासायनिक पदार्थ | धागो | विद्युतीय उपकरणहरु | पोलिथिन ग्रयानुयलस् | सिमेन्ट | जुत्ता चप्पल | यातायात उपकरण तथा पार्टपुर्जा |
| एम.एस विलेट | विद्युतीय सामाग्री | सिमेन्ट | यातायातका उपकरण तथा पार्टपुर्जा | विद्युतीय उपकरणहरु | यातायात उपकरण तथा पार्टपुर्जा | कच्चा पाम तेल |
| धागो | कच्चा पाम तेल | एम.एस वायर तथा रड | कप्युटर तथा पार्टपुर्जा | एम.एस वायर तथा रड | आलुमिनियमका उत्पादनहरु | उपचार उपकरण तथा औजार |
| चामल | कपडा | हटरोल सिट इन कोइल | चाँदी | तरकारी | कच्चा रेशम | कोइला |
| विद्युतीय उपकरणहरु | पोलिथिन ग्रयानुयलस् | रासायनिक पदार्थ | कपडा | कोईला | रासायनिक पदार्थ | औषधी |
| सुर्ति | सञ्चार उपकरण तथा पार्टपुर्जा | धागो | सुपारी | कृषि उपकरण तथा पार्टपुर्जा | उपचार उपकरण तथा औजार | खानेतेल |
| कृषि उपकरण तथा पार्टपुर्जा | तामाको तार, रड, स्क्रापस् र पाताहरु | कृषि उपकरण तथा पार्टपुर्जा | धागो | धागो | काँचका भाँडाकुँडाहरु | सञ्चार उपकरण तथा पार्टपुर्जा |
| तरकारी | कप्युटर तथा पार्टपुर्जा | कोइला | औषधी | कोल्ड रोल्ड सिट | धातु र काठका फर्निचर | रासायनिक मल |
| हटरोल सिट इन कोइल | हवाईजहाजका पार्टपुर्जा | चामल | हवाईजहाजका पार्टपुर्जा | कागज | कार्यालय उपकरण तथा स्टेशनरी | धागो |
| शिशु आहार तथा दुधजन्य पदार्थ | तयारी पोशाक | कपडा | भिडियो, टेलिभिजन तथा पार्टपुर्जा | टायर, ट्यूव | सोलार प्यानल | सुपारी |
| कोइला | चाँदी | रासायनिक मल | तयारी पोशाक | शिशु आहार तथा दुधजन्य पदार्थ | खेलौना | तामाको तार, रड, स्कापस् र सिट |
| कागज | सुपारी | तरकारी | तामाको तार, रड, स्कापस् र पाताहरु | फलफुल | झोलाहरु | पेट्रोलियम पदार्थ |
| कोल्ड रोल्ड सिट इन कोइल | पाम तेल | तयारी पोशाक | उपचार उपकरण तथा औजार | तयारी पोशाक | ब्याट्री | भिडियो, टेलिभिजन तथा पार्टपुर्जा |
| जीवित जनावर | भिडियो, टेलिभिजन तथा पार्टपुर्जा | कागज | कच्चा ऊन | कपडा | औषधी | पि.भि.सि कम्पाउण्ड |

श्रोतः आर्थिक बुलेटिन, नेपाल राष्ट्र बैंकको तथ्यांकको आधारमा गणना गरिएको ।

## अनुसूची ३: निर्यातमा पाँच प्रतिशत अनुदान प्राप्त गर्ने अनुसूची १ बमोजिमका वस्तुको निर्यात अवस्था

*(रु. करोडमा)*

| क्र.सं. | निर्यात हुने वस्तु | ०७१/७२ | ०७२/७३ | ०७३/७४ | ०७४/७५ | ०७५/७६ | ६ महिना | | वृद्धिदर (६ महिना) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | ०७५/७६ | ०७६/७७ | ०७६/७७ |
| १ | प्रशोधित चिया | २०० | २४० | २५१ | ३२६ | ३२० | २२० | १६६ | -२४.५ |
| २ | प्रशोधित कफी | १० | ११ | ८ | ९ | १० | ४ | ४ | २.७ |
| ३ | हस्तकला र काष्ठकलाका वस्तु | ३७ | ६३ | ७० | ४५ | ४९ | २६ | २१ | -१९.५ |
| ४ | प्रशोधित छाला र छालाजन्य उत्पादनहरु | २६ | २३ | २६ | ३० | २९ | १५ | ९ | -४३.७ |
| ५ | हाते कागज तथा सोबाट उत्पादित सामान (नेपाली कागज) | २२ | ३२ | ३८ | ३१ | २८ | १२ | १७ | ४७.८ |
| ६ | प्रशोधित जडीबुटी तथा सारयुक्त तेल | ५६ | ५९ | ७५ | १०२ | १३२ | ७३ | ६६ | -८.८ |
| ७ | तरकारी | ३० | ३५ | १२ | १३ | १४ | ११ | ११ | -०.१ |
| ८ | पुष्प | ० | ० | ० | ० | ० | ० | ० | - |
| ९ | प्रशोधित मह | ० | ० | १ | ० | १ | १ | ० | -७२.५ |
| १० | प्रशोधित अलैची | ३८४ | ४६३ | ३९१ | ४८५ | ४२८ | १५३ | २५१ | ६३.६ |
| ११ | प्रशोधित अदुवा | ४६ | ५२ | २३ | ७० | ५० | ३२ | २८ | -११.० |
| | **जम्मा** | **८११** | **९७८** | **८९५** | **१११२** | **१०६१** | **५४७** | **५७४** | **५.०** |
| | **कुल निर्यात** | **८५३२** | **७०१२** | **७३०५** | **८१३६** | **९७११** | **४५४१** | **५७२८** | **२६.१** |
| | कुल निर्यातमा अनुदान प्राप्त वस्तुको अंश | ९.५ | १४.० | १२.३ | १३.७ | १०.९ | १२.० | १०.० | -१६.८ |

स्रोत: नेपाल राष्ट्र बैंक र भन्सार विभाग

## अनुसूची ४: निर्यातमा तीन प्रतिशत अनुदान प्राप्त गर्ने अनुसूची २ बमोजिमका वस्तुको निर्यातको अवस्था

*(रु. करोडमा)*

| क्र.सं. | निर्यात हुने वस्तुहरु | ०७१/७२ | ०७२/७३ | ०७३/७४ | ०७४/७५ | ०७५/७६ | ६ महिना ०७५/७६ | ६ महिना ०७६/७७ | वृद्धिदर (६ महिना) ०७६/७७ |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | स्वदेशमा उत्पादित कपडा | ५१३ | ३४४ | ३२४ | ३२० | ३४२ | १७२ | १६९ | -१.६ |
| २ | तयारी पोशाक | ४२६ | ४६७ | ४२७ | ४६२ | ४१९ | २२८ | १७९ | -२१.४ |
| ३ | गलैंचा र ऊनीका सामान | ६९१ | ८०८ | ७३८ | ७१२ | ७३६ | ३७२ | ३६३ | -२.६ |
| ४ | "च्याङग्रा" पश्मिना तथा सोबाट उत्पादित सामान | २२० | २७६ | २४५ | २२८ | १९१ | १३४ | ११८ | -१२.३ |
| ५ | स्वदेशी प्रशोधित जुट तथा जुटका उत्पादनहरु | ४२८ | ४२६ | ४५० | ४६४ | ५८१ | २५४ | २७२ | ७.१ |
| ६ | सुन, चांदीका गरगहना | ११ | २२ | २६ | ३५ | ५१ | २३ | २७ | १६.५ |
| ७ | स्वदेशी अर्ध प्रशोधित छाला | १२७ | ७२ | ७७ | ८२ | ५२ | २५ | १२ | -५२.३ |
| ८ | औषधी (आयुर्वेदिक) | ९१ | ७३ | ६८ | ७४ | ७३ | ४९ | ६३ | २८.५ |
| ९ | फेल्ट (उनीजन्य) का वस्तुहरु* | १०५ | ११५ | १३३ | १४९ | १८९ | ९० | १३४ | ४८.८ |
| १० | पेलिष्टर यार्न/फाईवर भिष्कोर्ष यार्न/एक्रेलिक यार्न/कटन यार्न | ५०२ | ३२५ | २८२ | ३६७ | ६१६ | ३१५ | ३१९ | १.३ |
| | **जम्मा** | **३११३** | **२९२७** | **२७६९** | **२८९४** | **३२५१** | **१६६३** | **१६५६** | **-०.४** |
| | **कुल निर्यात** | **८५३२** | **७०१२** | **७३०५** | **८१३६** | **९७११** | **४५४१** | **५७२८** | **२६.१** |
| | कुल निर्यातमा अनुदान प्राप्त वस्तुको अंश | ३७ | ४२ | ३८ | ३६ | ३४ | ३७ | २९ | -२१.१ |

स्रोत: नेपाल राष्ट्र बैंक र भन्सार विभाग

## अनुसूची ५: नेपाल व्यापार एकीकरण रणनीति (NTIS) २०१६ मा उल्लिखित वस्तुको निर्यात

*(रु. करोडमा)*

| क्र.सं. | निर्यात हुने वस्तुहरु | ०७१/७२ | ०७२/७३ | ०७३/७४ | ०७४/७५ | ०७५/७६ | ६ महिना ०७५/७६ | ६ महिना ०७६/७७ | वृद्धिदर (६ महिना) ०७६/७७ |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | अलैंची | ३८४ | ४६३ | ३९१ | ४८५ | ४२८ | १५३ | २५१ | ६३.६ |
| २ | अदुवा | ४६ | ५२ | २३ | ७० | ५० | ३२ | २८ | -१०.९ |
| ३ | चिया | २०० | २४० | २५१ | ३२६ | ३२० | २२० | १६६ | -२४.५ |
| ४ | औषधी र सुगन्धित बोटबिरुवाहरु | १२२ | ६४ | ७६ | १०६ | १४४ | ८२ | ७२ | -१२.८ |
| ५ | कपडा तथा धागो (पोलिष्टर तथा अन्य) | ८७३ | ११७३ | १२८७ | १४५७ | १६२१ | ७८६ | ७०७ | -१०.२ |
| ६ | छाला | १३३ | ७२ | ७७ | ८३ | ४९ | २५ | १२ | -५३.० |
| ७ | जुत्ताचप्पल | २३५ | १५७ | १२२ | १२४ | ९१ | ६७ | ५७ | -१५.५ |
| ८ | पश्मिना | २२७ | २८१ | २५४ | २४९ | २५१ | १४४ | १५४ | ६.८ |
| ९ | ऊनि गलैंचा | ६९२ | ८०८ | ७४३ | ७१४ | ७४६ | ३७८ | ३६३ | -३.९ |
| | **जम्मा** | **२९१२** | **३३१०** | **३२२३** | **३६१४** | **३७००** | **१८८८** | **१८०९** | -४.२ |
| | **कुल निर्यात** | **८५३२** | **७०१२** | **७३०५** | **८१३६** | **९७११** | **४५४१** | **५७२८** | २६.१ |
| **कुल निर्यातमा NTIS मा उल्लिखित वस्तुको अंश** | | **३४** | **४७** | **४४** | **४४** | **३८** | ४२ | ३२ | -२४.० |

स्रोत: नेपाल राष्ट्र बैंक र भन्सार विभाग